देवदह नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## कृषि शाखा

देवदह, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

**सूचना सूचना सूचना**

पत्र संख्या ०७६/७७ मिति २०७६/०५/३०

च.न.

यस कार्यालयको आ.व. २०७६/०७७ को सहकारी खेती, साना सिंचाई कार्यक्रम अन्तर्गत साना सिंचाई निर्माणको कार्यक्रम संचालन गर्नु पर्ने लक्ष्य रहेकोले सहकारीको भावना एवं मर्म अनुरुप खेती गर्ने इच्छुक साना मझौला कृषकहरु संग्लन रहेका कृषि सहकारी संस्थाहरु/कृषक समूह/उपभोक्ता समिति वा संस्थाहरुले यो सूचना प्रकाशित भएको ३० दिन भित्र देवदह नगरपालिकाको कार्यालय, कृषि शाखा रुपन्देहीमा आयोजना प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। दर्खास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ। तपसिलमा उल्लेख भए वमोजिमको कागजात प्रस्तावना सहित संलग्न राखि पेश गर्नु पर्ने छ। सोही अनुसार कार्यक्रम संचालन गरिनेछ।

**प्रस्तावना साथ पेश गर्नुपर्ने कागजातहरु**

क. कार्यालय बाट उपलब्ध निर्धारीत ढाँचा अनुसार रितपूर्वक भरिएको निवेदन

ख कृषि सहकारी संस्था, उपभोक्ता समिति तथा कृषक समूहदर्ता प्रमाण-पत्रको प्रतिलिपि।

ग सम्बन्धित वडा कार्यालयको सिफारीस।

घ. आयोजनाको लागत स्टीमेट र डिजाइन।

ङ. आयोजना संचालनका लागि संस्थाको किटानी सहितको निर्णय प्रतिलिपि।

च.आवेदक सहकारी संस्था, उपभोक्ता समिति तथा कृषक समूहले सिंचाई आयोजनाको कुल लागतको कम्तिमा कति रकम बराबरको लगानी जुटाउने हो सो सम्बन्धि भएको संस्थागत निर्णय प्रतिलिपि (न्यूनतम १५ प्रतिशत बराबरको साझेदारी अनिवार्य हुनुपर्ने)।

छ. सहकारी संस्थाको हकमाआ.व.२०७५/०७६ को लेखा परीक्षण प्रतिवेदन

**<u>छनौटकाआधारहरुः</u>**

क. आ.व. २०७५/०७६ सम्म दर्ता भएको समूह/संस्थामात्र छनौटमा पर्न सक्ने। पुराना र व्यवसायिक रुपले अगाडि बढेका संमूह/संस्थालाई प्राथमिकता दिइने छ।

ख. दलित, महिला, आदिवासी, जनजाती, मुस्लिम, पिछडिएका वर्ग एवं विपन्न समूदायलाई विशेष ग्राह्यता दिईनेछ।

ग. कार्यालयले निर्धारण गरेका पकेट क्षेत्र भित्रका कृषि समूह/सहकारीहरु लाई प्राथमिकता दिईने छ।

घ. विगतका वर्षहरुमा यस कार्यालयबाट यस्तै खालका सेवा सुविधा नपाएका कृषि समूह/सहकारी/संस्थालाई प्राथमिकतामा राखिने छ।

ङ. बढी लगानी साझेदारी गर्ने आवेदकलाइ प्राथमिकता दिइनेछ।

च. जग्गा चक्लाबन्दी तथा एकीकृत गरी सामूहिक रुपमा व्यवसायिक ढंगले खेतीगर्ने सौंच राखी ब्लकमा सिंचाई सुविधा हुने (एक भन्दा बढी सिंचाई स्किम समेत हुन सक्ने) गरी आयोजना पेश गर्ने आवेदकलाई उच्च प्राथमिकता दिइनेछ।

।

०६३/०५/३०

देवदह नगरपालिका
कृषि विकास शाखा

राजेन्द्र चौधरी थारु
प्राविधिक सहायक
सहायक स्तर पाँचौं

अश्विनी कुमार शर्मा
कृषि विकास अधिकृत
अधिकृत स्तर आठौं